परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ११ २०७९ असोज २३ गते आईतवार Sunday 9, OCT 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## मिटर ब्याजको ऋण फिर्ता गरेपनि, तमसुक फिर्ता नपाएपछि ऋणीहरू विचल्लीमा



सुनसरी जिल्लाको बर्जु गाउापालिका वडा नं. १ का मिटर व्याज पिडितहरु

विराटनगर। तमसुक बनाएर गाउँ भरी मिटर व्याजमा रकम लगानी गर्ने एक धनीले साँवा र व्याज वापत रकम भुक्तानी लिएर तमसुक फिर्ता नगरेपछि सो गाउँका ऋणीहरु अहिले विचल्लीमा परेका छन्।

सुनसरीको बर्जू गाउँपालिका वडा नं. १ मा बसोवास गर्ने मुरहरीलाल (झमलाल) सरदारले सोही ठाउँका सयौं गरीब दुःखीहरुलाई मासिक १० प्रतिशतमा रकम लगानी गर्ने र सावा रकमको ४ गुणा वढीको तमसुक बनाएर आफूसंग राख्ने, सावा र व्याज फिता गरेपनि तमसुक फिर्ता नगरी अदालतमा मुद्दा हाली जग्गा हड्पने, ऋणीलाई जेल सजाय गर्ने कार्यले ऋणीहरु आतंकीत भई प्रशासनसंग हारगुहार गर्न थालेका छन्।

सुनसरीको बर्जुगाउँपालिका वडा नं. १ बस्ने इन्द्रबहादुर गुरुङले स्थानीय मुरहरीलाल (झमलाल) सरदारसँग ३४ हजार ऋण लिएर दुई वर्षपछि ६० हजार भुक्तानी गाउँका भद्रभलादमीहरुको रोहवरमा रकम बुझाएका थिए।

तर धनी सरदारले ४ गुणा बढी रकमको तमसुक बनाएको कागज फिर्ता नदिई सोही तमसुकको आधारमा अदालतमा मुद्दा दायर गरी सो मुद्दा फैसला भई गुरुगलाई ६ महिना कैद र एकलाख २७ हजार जरीवाना ठहरे बमोजिम जेल जानु परेको गुरुगकी श्रीमति रविना टन्डन गुरुगले वताईन।

ती घटनाहरुलाई हेरेर सावा र व्याज रकम फिर्ता गरी तमसुक फिर्ता नलिएका दर्जनौ महिलाहरुले पछि हामी माथि पनि मुद्दा हाल्छ कि भनेर तमसुक फिर्ता माग्न जाँदा सरदार परिवार मिलेर आक्रमण गरी हातखुट्टामा कुटपीट गरी अभद्र व्यवहार समेत गरेको पिडित शिवो सरदारले वताईन।

ऋणबाट मुक्त गराई पाउँ भन्दै दर्जनौ पीडितले प्रहरी प्रशासन समक्ष हारगुहार माग्दै हिडेकी छिन्। त्यस्तै पिडा खेप्नुपरेकी उर्मिला गुरुङले एकलाख लिएर अढाई लाख ऋण बुझाएपछि बाँकी पैसा समेत दिन तयार भएका सरदारसँग ८ लाख रुपिँया लिने कागज गरिएको वताउँछिन्। कागजमा उल्लेख गरिएको रकम हातै नपरी १९ लाख रुपिँयाको तमसुक बनाएर सरदारले अहिले ब्याज असुल्ने गरिएको उहाँले गुनासो गरेकी छिन्। त्यसमा पनि उहाँले धितो राखेको दशधुर जग्गा स्थानीय चेतनारायण महतोको नाममा रजिष्ट्रेसन सरदारले गरिदिएको पीडितको भनाई थियो। पचाँस

वांकी अन्तिम पेजमा...

## मुटुलाई स्वस्थ्य राख्न शारिरीक व्ययाम आवश्यक

विराटनगर। प्रत्येक वर्ष झै यस वर्ष पनि न्यूरो हस्पिटलले विश्व मुटु दिवसको अवसर पारेर गरीएको सचेतना मूलक कार्यक्रमा, शरीरको सबैभन्दा महत्वपूर्ण अंग मुटु रहेकोले मुटुलाई स्वस्थय राख्न खानपिन र शारिरीक व्ययाम आवश्यक रहेको एक डाक्टरले वताउनु भएको छ।

उक्त कुरा लर्डबुद्ध कलेज विराटनगरमा आयोजित ग्रुप कार्डियाकवर्कआउटलाई द व्यायमशाला, इटहरीले समन्वयमा भएको ग्रुप कार्डियाकवर्कआउट पछि आयोजित कार्यक्रममा बोल्दै विराटनगर स्थित न्यूरो हस्पिटलको कल्सल्टेन्ट इन्टरभेन्सनल कार्डियो लोजिष्ट डा. निकेशराज श्रेष्ठले वताएको हो।

'मुटुलाई स्वस्थ्य राख्न सके सुखमय भएर जीवन समृद्ध हुन्छ। सबैजनाले आफ्नो मुटु स्वस्थ राख्दै आफू स्वस्थ्य बनौं। 'प्रत्येक मुटुको लागी मुटुप्रयोग गर्ने प्रतिज्ञा गरौ' भन्दै 'आफ्नो शरीरमा कुनै समस्या आएको देखिए समयमै राम्रो अस्पताल छनौट गरी चिकित्सकसँग परामर्श गरेर उपचार गरौं, रोग बढ्न नदिऔं, समयमै रोकथाम गरौं र मुटुलाई पनि स्वस्थ राखौं,' भन्न धारण समेत व्यक्त गर्नु भएको थियो।

मुटुलाई स्वास्थ्य राख्नको लागि नियमित व्यायम र चेक-जाँच र खानपिनमा परिवर्तन आवश्यक रहेको भन्दै 'मासुजन्य, तारेको, भुटेको, कार्बोहाईड्रेड धेरै भएको खानेकुराहरु कम खाने, व्यायाममा जोड दिने कुरालाई ध्यान दिए मुटुमा लाग्ने धेरै रोगबाट बच्न सकिन्छ,' भन्ने डा. श्रेष्ठले दावी गरे।

ग्रुप कार्डियाकवर्कआउटमा नेपाल युवा उद्योगी मन्च विराटनगर, न्यूरो हेल्थ कलेज, लर्डबुद्ध कलेज, न्यूरो अस्पतालका वरिष्ठ चिकित्सक र स्वास्थ्य कर्मीहरू तथा सर्वसाधारणको सहभागीतारहेको थियो।

सोही अवसरमा न्युरो कार्डियो एण्ड मल्टिस्पेशियालिटी हस्पिटलका कार्यकारी निर्देशक श्रीमतीअनिशा विष्ट, अपरेशनल डाइरेक्टर श्री राजेश भट्टराई, मेडिकल डाइरेक्टर डा. शैलजा क्षेत्री (श्रेष्ठ) लगायतको उपस्थिती रहेको थियो।

मुटु दिवस २०२२ को उपलक्ष्यमा असोज ९ गते देखि १४ गते सम्म सप्ताहव्यापी कार्यक्रम संचालन गर्ने भएको छ। सो अवधी भरी अस्पतालमा मुटु सम्वन्धी निःशुल्क आपिडी सेवा तथा जाँचमा २५ प्रतिशत छुट दिने अस्पताले घोषणा गरेका छ।

## एमाले ३५ र जसपा १७ सीट हुने गरी गठवन्धन

विराटनगर। नेपाल कम्युनिष्ट पार्टी (एमाले) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच प्रतिनिधिसभातर्फ ५२ सिटमा तालमेल भएको छ। नेकपा एमाले र जसपा नेपालबीच शनिबार तालमेलको अन्तिम खाका तयार भएको हो।

तालमेल अनुसार एमालेले ३५ सिट र जसपाले १७ सिट पाउने गरी सहमति भएको छ। एमालेले जसपाको समर्थनमा उम्मेदवारी दिने प्रतिनिधिसभा क्षेत्रमा सप्तरी-३, सिरहा क्षेत्र नम्बर १ र ३, धनुषा- ३ र ४, महोत्तरी-१, सर्लाही- २ र ३ रहेको छ। यसैगरी रौतहट ३ र ४, बारा १ र ४ तथा पर्सा ३ र ४ मा पनि एमालेले जसपाको समर्थनमा उम्मेदवारी दिने भएको छ।

त्यस्तै, पश्चिम नवलपरासी १ र २, रुपन्देहीको १, २ र ३, कपिलवस्तुको १, २ र ३, कैलालीको पाँच वटै निर्वाचन क्षेत्र, मोरङको १, २, ३, ४ र ६ तथा सुनसरीको २, ३ र ४ मा पनि एमालेले जसपासँगको तालमेलमा उम्मेदवारी दिने भएको छ।

यसैगरी एमालेको समर्थनमा जसपा नेपालले सप्तरी १, २ र

वांकी अन्तिम पेजमा...

## स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्वन्धित निकायमा जानकारी गराऔं।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## सर्वोच्चबाट...

चौधरीजस्ता मान्छे पाउन सक्तैनन्।'

नेपालको लघुवित्त क्षेत्रकी एक हस्ती मानिने चौधरी एमाले अध्यक्ष केपी शर्मा ओलीनिकट मानिन्छिन्। उनका प्रतिद्वन्द्वी गच्छदार भने विवादित व्यक्ति मानिन्छन्। पाँच पटक उपप्रधानमन्त्रीसहित १२ पटक मन्त्री बनेका गच्छदार भ्रष्टाचार मुद्दामा निलम्बनमा समेत परेका थिए ।

२०४८ यताका सबै आम निर्वाचनका विजेता उम्मेदवार गच्छदारमाथि २०७६ माघ २२ मा भ्रष्टाचार मुद्दा लागेको थियो। ललिता निवासको जग्गा प्रकरणमा अनियमितता गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेपछि गच्छदारको सांसद पद निलम्बनमा परेको थियो ।

मुद्दाका बखत पक्राउ पर्ने डरले फरारसमेत भएका गच्छदार २८ असार २०७८ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको भोलिपल्टै सुटुक्क विशेष अदालतमा हाजिर भएका थिए। त्यसै दिन विशेष अदालतले उनलाई १० लाख धरौटीमा छोडेको थियो ।

तर, एमालेको सरकारले भ्रष्टाचार मुद्दा लगाएको भए पनि आफू दोषी नरहेको जनाउँदै गच्छदारले मतदातालाई भावनात्मक 'ब्लाकमेल' गरिरहेका छन्। विभिन्न कार्यक्रममा सहभागी हुँदा गच्छदारले गिनिज बुकमा समेत नाम लेखाउने भन्दै आफूलाई पुन: एकपटक मौका दिन आग्रह गर्ने गरेका छन् ।

'फेरि एकपटक चुनाव जितेमा थारू समुदायबाट सबैभन्दा धेरै पटक निर्वाचनमा विजय हाँसिल विश्व रेकर्ड बन्छ भन्दै उहाँले हरेक कार्यक्रममा भन्दै आउनु भएको छ,' स्थानीय एक नेताले भने, 'त्यसबाहेक आफूमाथि लागेको आरोपलाई झुटो साबित गर्न पनि निर्वाचित हुनुपर्ने भएकाले अन्तिम एकपटक पुन: भोट दिन अपिल गर्नुहुन्छ उहाँ।' सांसद पद निलम्बनमा परे पनि पुन: निर्वाचनमा उठाएर कांग्रेसले गच्छदार निर्दोष रहेको सन्देश दिन खोजेको देखिएको उनको भनाइ छ ।

## स्वास्थ्य...

त कुनैमा माइल्ड हिसाबले मिसाइएको हुन्छ ।

नियमित काजु खानुका फाइदा १. दाँतलाई मजबुत तुल्याउन ठूलो भूमिका खेलेको हुन्छ। २. कपाल चमकदार बनाउन पूर्ण रुपमा मद्दत पुऱ्याउँछ।३. आँखाको तेज बढाउन पनि काजुले ठूलो भूमिका खेलेको हुन्छ। ४. गर्भवतीको लागि काजु बरदान मानिन्छ। जसले आमा र बच्चा दुवैलाई फाइदा पुऱ्याएको हुन्छ। ५. कब्जियतबाट टाढा रहन पनि नियमित काजु खाँदा फाइदा पुग्छ। ६. सधैं ताजगी र स्वस्थ, स्फुर्त रहन काजु निकै उपयोगी मानिन्छ। ७. नियमित काजु खानाले सेक्स क्षमतामा वृद्धि हुन्छ। ८. हड्डी मजबुत गराउँछ।९.कमजोर महसुस हुनेलाई मजबुत हुन मद्दत गर्छ।

१०. अनुहारको छालामा चमक ल्याउँछ।११. कुनै साइड इफेक्ट गर्दैन। १२. मुड अपसेट हुँदा काजु सेवन गर्नाले स्वत: निराशा हटेर जान्छ।१३. थकान मेटाउन सहयोग पुऱ्याउँछ।१४. जुनसुकै उमेरकाले खाँदा पनि कुनै असर नपुऱ्याउने। १५. शरीरलाई आवश्यक पोषण तत्व प्रदान गर्छ। १६. डायबेटिज नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ। १७. मुटु बलियो बनाउँछ र डर लाग्ने जस्ता रोग नियन्त्रण हुन्छ।१८. कोलेस्टेरोल घटाउन सहयोग पुऱ्याउँछ।१९. रक्तचाप नियन्त्रण गर्न प्रमुख भूमिका खेल्छ। २० काजुले दिमाग तेजिलो बनाउन ठूला भूमिका खेलेको हुन्छ। २१. तनाव घटाएर थकान हुनबाट बचाउँछ।

## मिटर...

हजार ऋण लिएर दुई लाख ऋण बुझाए पनि अझै ऋण तिर्न बाँकी नै रहेको अर्की पिडीत प्रमिलादेवी सरदारको भनाई छ।

मिटरब्याजी सरदार गाउँमा काठ चिरान मिल सञ्चालन गर्दै आएको छ। स्थानीयले तमसुक माग्ने योजना बनाएर जाँदा सरदार सहित छोरा सन्दिप र छोरी सीतासँग झगडा परेको थियो। सन्दिपले ऋण लिएकाहरुले काठ मिलमा आएर आफूहरु माथि हातपात गरेको आरोप लगाए। मिटरब्याजी सरदारलाई फोन सर्म्पक गर्दा यस विषयमा प्रतिक्रिया दिन चाहेनन्। गुरुङलाई पक्राउ गरेपछि गाउँभरका ऋणीहरु अहिले त्रसिद भएका छन् ।

## ऐमाले...

४, सिरहा २ र ४, धनुषा १, महोत्तरी ३ र ४, सर्लाही १ र ४, रौतहट २, बारा २, पर्सा १ र २, रुपन्देही ४, मोरङ ५ र सुनसरी १ मा उम्मेदवारी दिनेछ।

तालमेल भएका निर्वाचन क्षेत्रबाहेक अन्यत्र दुवै दलले मैत्रीपूर्ण प्रतिस्पर्धा गर्ने सहमति भएको छ। यस्तै, प्रदेशसभातर्फ ४२ सिटमा एमालेले जसपालाई सघाउने भएको छ भने ७० वटा सिटमा एमालेलाई जसपाले सघाउने भएको छ।




हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
गोल्डेन हस्पिटल, परिवार
हस्पिटल चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
अरनिको आवासीय माध्यमिक विद्यालय
परिवार, तीनटोलिया विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
संतोष साह (के. अध्यक्ष)
नेपाल सुडी समाज परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
विराट आँखा अस्पताल
परिवार रोडसेष चौक, विराटनगर

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडवाडमा फजुल खर्च नगरौं ।
हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मध्यपान र जुवातास जस्ता विकृतिको अन्त गरौं ।
नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### अपवित्र गठबन्धनमा रुमलिएको चुनावी प्रतिस्पर्धा

*स्वच्छ र स्वतन्त्र चुनाव कसरी गर्ने भन्दापनि राजनीतिक मूल एजेन्डा विस्थापित तिर अहिलेको राजनीति गई रहेको छ । राजनीति जसरी पनि चुनाव जित्ने जोडघटाउ मात्र भइरहेको छ । गतलि उम्मेदवार छान्ने भन्दा पनि कुन क्षेत्रमा मेरो उम्मेदवारले जित्नै पर्ने अंक गणितिय राजनीति चलि रहेको छ । राजनीति फरक विचार धाराहरु वीचको प्रतिस्पर्धा र प्रतिस्पर्धीहरु बीचमा उत्कृष्टता आजको आवश्यकतालाई हाम्रो राजनीतिले गुमाउँदै गएको छ । विविधता र उत्पादन प्रक्रियाहरु वीचको एकता र संर्घषले समाजको निर्माण गर्दछ । समाजले ती प्रतिस्पर्धा वीच एउटा विचार निर्माण गर्दछ । त्यो विचारलाई संगठीत गर्न राजनीतिक समूहमा लाग्दछन् । राजनीतिक समूहले पार्टी बनाउँद छ ।*

*पार्टी/दलहरुले समाजका विविधताहरुका विच राजनीतिक अभिव्यक्तिहरुलार्य जनताको कसीमा प्रतिस्पर्धा गर्दछन् । त्यो प्रतिस्पर्धामा अबल हुनेलाई आफ्नो अमुल्य मतदात वाट दलका नेताहरु अर्थात प्रतिनिधीहरुलाई छान्दछन् । ती नेताहरुले देशलाई गति शील वननाउँछन् । गतिशील समाज निर्माण संगै लोकतन्त्र बलियो वन्द छ । तर दुरभाग्य नेपालमा फगत सत्ताको लागि चुनावी गठवन्धनमा होमिएका छन् । पार्टी फुटाएर सत्ता चाहिएको छ । गुट परिर्वन गरेर सत्ता चाहिएको छ । अर्को चुनाव जित्नका लागि आर्थिक जोहोका लागि मन्त्री वन्ने हाना थाप छ ।*

*यो सवै नेता र पार्टीलाई छिटो सत्ता चाहिएको छ । मनोमानीपूर्ण दुरुपयोग गर्ने मनसाय अपवाद रहित ढंगले सर्वत्र छ । खास राजनीतिक पार्टी सत्तामा जानुको अर्थ उसले मुलुकका समस्यालाई हेर्ने र समाधान गर्ने दृष्टी र पद्दती राम्रो हुनुपर्ने हो । तर जब वैचारिक र चारित्रिक रुपले दलहरु वीचको सार्वजनिक स्वार्थ प्रवर्धन गर्ने शैलीगत विशेषता मेटिएपछि एउटै उदेश्य नीजी स्वार्थका लागि राज्य स्रोतको दोहन गर्ने उदेश्य रहेको छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# 'स्वतन्त्र' को ट्रेडमार्क कोसंग छ ?

रञ्जु दर्शना

नेपाली शब्दकोष अनुसार 'स्वतन्त्र' शब्दको अर्थ 'अरू कसैको बन्धन, दबाब, अधीन आदिमा नरही आफ्नै तन्त्र वा शासनमा रहने र त्यसै माध्यमले स्वयं सोचीबुझी काम गर्न सक्ने वा पाउने; स्वाधीन' हो ।

स्वतन्त्र शब्दको अर्को अर्थ भनेको अरूको अवलम्ब, आश्रय वा केही नभएको भन्ने पनि हो ।

हाल नेपाली राजनीतिमा सबभन्दा चर्चित शब्द पनि हो 'स्वतन्त्र' ।

पछिल्लो निर्वाचनमा काठमाडौं, धरान, धनगढी लगायत अन्य स्थानीय तहमा स्वतन्त्र उम्मेदवार भएका व्यक्तिहरूको जितले नेपाली राजनीतिमा स्वतन्त्र शब्दको चर्चा चुलीमा पुऱ्याएको छ। अब आउने सबै तहको निर्वाचनमा स्वतन्त्र रूपमा उम्मेदवारी दिने व्यक्तिको संख्या पनि बढ्दो छ।

त्यो संख्यामा एक म पनि गनिन्छु ।

तर अहिले चौतर्फी रूपमा हल्ला भइरहेजस्तो स्वतन्त्र उम्मेदवारीको सुरूआत नै २०७९ सालको स्थानीय निर्वाचनबाट भएको हो भन्ने कुरा तथ्य संगत छैन। त्यसैले प्रतिनिधि सभामा स्वतन्त्र उम्मेदवारीको इतिहास, यसको राजनीतिक अर्थबारे यो लेख केन्द्रित छ।

नेपालको आम निर्वाचनको इतिहासमा स्वतन्त्र उम्मेदवारहरू

२००७ सालमा राणा शासनको अन्त्यपछि नेपालमा पहिलो पटक २०१५ सालमा आम निर्वाचन वा पहिलो प्रतिनिधि सभा निर्वाचन भएको थियो । त्यसमा पहिलोपटक राजनीतिक दलहरू र स्वतन्त्रहरूले प्रत्यक्ष रूपमा १०५ निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरे। त्यतिखेर ९ वटा राजनीतिक दलहरूले मात्र चुनाव चिह्न प्राप्त गरेका थिए।

तर देशकै पहिलो निर्वाचनमा १२ गैरदलीय स्वतन्त्र उम्मेदवाहरू चरा, माछा, औंला, हात्ती, सारंगी, घोडा, डुंगा, फूल आदि स्वतन्त्र चुनाव चिह्न पाएर मैदानमा उत्रिएका थिए।

२०१५ सालपछि २०४८ सालमा प्रतिनिधि सभाको निर्वाचन भयो। पहिलो आम निर्वाचनको दुई वर्षपछि नै देशमा निर्दलीय पञ्चायत शासन लागू भएको थियो । त्यसैले २०४६/२०४७ सालको दोस्रो जनआन्दोलन सफल भएपछि मात्रै जनताले फेरि १७ वर्षपछि आफ्नो प्रतिनिधि छान्न पाउने निर्वाचनमा सामेल हुन पाए।

बहुदलीय व्यवस्थाको पुन: स्थापना भएपछिको निर्वाचनमा २० राजनीतिक दलले भाग लिएका थिए। २१९ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए। त्यसमध्ये ८ जना महिला उम्मेदवार थिए। २०४८ सालको निर्वाचनमा तीन जना स्वतन्त्रको जित पनि भएको थियो।

यसैगरी २०५२ सालको आम निर्वाचनमा २७३ जना पुरुष र १२ जना महिलाले स्वतन्त्र उम्मेदवारी दिएका थिए। २८५ स्वतन्त्रहरूमध्ये ७ जनाको जित भएको थियो। २०५६ सालको आम/प्रतिनिधि सभा निर्वाचनमा ६३३ स्वतन्त्र उम्मेदवार हरू थिए जसमा २६ जना महिला थिए । त्यसपछि भएका दुइटा संविधान सभा निर्वाचनमा क्रमश: ८१६ र १११४ स्वतन्त्र उम्मेदवारले भाग लिएका थिए।

यसैगरी नेपालमा पहिलोपटक भएको संघीय निर्वाचन- २०७४ मा ४५४ जना पुरुष र ३८ जना महिला गरी कुल ४९२ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए। यी स्वतन्त्र उम्मेदवार सबैलाई आएको कुल मत ७३ हजार २ सय ४३ थियो। सोही निर्वाचनमा नयाँ शक्ति पार्टीका प्रतिनिधि सभा निर्वाचन क्षेत्रका सबै उम्मेदवारले कुल ८४ हजार ३७ मत प्राप्त गरेका थिए । तत्कालीन विवेकशील साझा पार्टीका उम्मेदवारले कुल ९६ हजार २ सय ३३ मत पाएका थिए।

बहुदलीय व्यवस्थामा स्वतन्त्र उम्मेदवारी

हामी बहुदलीय व्यवस्था, संसदीय व्यवस्था मार्फत राज्यसत्ता चलिरहेको अवस्थामा हुने निर्वाचनमा मत हालिरहेको छौं र उम्मेदवार भइरहेका छौं।

कोही पनि व्यक्ति पार्टी प्रणालीबाट चुनाव नलडेर किन स्वतन्त्र चुनाव लडिरहेको छ भन्ने कुराको आ-आफ्नै तर्क-वितर्क र विश्लेषण हुन्छ। यी तर्क-वितर्कलाई केही बुँदामा राख्ने कोसिस गरेको छु।

कोही दलले टिकट नदिएर स्वतन्त्र रूपमा निर्वाचनमा खडा हुन्छन्। प्राय: यस्ता उम्मेदवारलाई बागी पनि भनिने रहेछ।

कोही भने दलको टिकट दिने झमेलासँग चित्त नबुझेर, आफ्नो सिद्धान्त वा वादअनुसार दल नचलेकाले आफ्नो निष्ठामा टेकेर स्वतन्त्र रूपमा उठ्छन्।

कोही भने कुनै पनि दल मन नपरेर स्वतन्त्र रूपमा उठ्छन्। यस्ता प्रकृतिका व्यक्ति पञ्चायत नै ठीक भन्ने तर्क गर्ने वा दुई पार्टी मात्र हुनुपर्छ, देशमा जंगबहादुर राणाजस्तो अधिनायक हुनुपर्छ भन्ने खालका पनि हुने रहेछन्।

कोही भने निर्वाचनमा उठौं न त, अलिअलि चर्चा पनि थपिन्छ, देशमा केही न केही गर्ने कोसिस त गरेकै हो नि भन्ने निजी भाष्य निर्माण गर्न पनि उठ्दा रहेछन्। यो कुरा चाहिँ २०७४ सालको स्थानीय निर्वाचन लडिरहँदा मैले थाहा पाएँ।

अहिले चुनावको क्रेज यतिसम्म बढेको छ कि विदेशमा काम गरिरहेका व्यक्तिहरू पनि काम छाडेर वा छुट्टि लिएर भए पनि चुनाव लड्न नेपाल आइरहेका छन्।

२०७९ सालमा नेपालको निर्वाचनको इतिहासमै धेरै व्यक्ति स्वतन्त्र शब्दलाई अंगीकार गर्दै उम्मेदवारी घोषणा गरिरहनुभएको छ। सामाजिक सञ्जालका कारण यो कुरा निर्वाचन आयोगले उम्मेदवारी दर्ताको रिपोर्ट सार्वजनिक गर्नुअघि नै हामीले थाहा पायौं। किनभने आजभोलि सबभन्दा पहिले सामाजिक सञ्जालमै उम्मेदवारी घोषणा गर्नुपर्ने जस्तै छ।

हाल स्वतन्त्र उम्मेदवारी घोषणा गरेका हामी सबैको सिलसिलामा 'चर्चा र भाइरल' शब्दहरूको पनि बहुत ठूलो भूमिका छ। तर म कोही पनि स्वतन्त्र उम्मेदवारलाई चर्चा र भाइरल हुन मात्रै उम्मेदवारी दिन लागेको भनेर किटान गर्दिनँ। किनभने सबैको मनमा धेरैथोरै यो देशबारे चिन्ता छ। देशको अवस्था सुधार गर्नुपर्छ भन्ने चिन्तन छ। उम्मेदवारी दिने घोषणा गर्नुभएकाहरूले निर्वाचनमा मेरो चर्चा हुन पनि सक्छ, म भाइरल हुन पनि सक्छु, नहुन पनि सक्छु भन्ने बुझ्नुभएको छ भन्ने पनि मलाई लाग्छ।

दलहरूबाट चुनाव लडेर जित्नेहरूको प्रतिनिधित्व र सामूहिकताबाट चलिरहेको संसदीय अभ्यासमा अहिले आएको स्वतन्त्रको लहर केबल लहर होइन, संसदभित्र दलको 'इन्टरेस्ट' मा मात्रै बोल्ने चरित्रविरूद्धको एउटा ठूलो विद्रोह पनि हो।

चुनाव हरकोही आम मानिसले लड्न सक्दैन। यो सत्य हो किनभने चुनाव लड्ने भनेको आफ्नो दैनिकी, काम-कार्य, परिवार-व्यवहार सबैमा सम्झौता गर्दै, आफ्नो व्यक्तिगत आर्थिक स्थिति सम्हाल्दै, अन्य राजनीतिक दल, नेताहरूको आँखाको तारो हुँदै लड्ने प्रक्रिया हो। त्यसैले यो गाह्रो हुनु स्वाभाविक हो।

तर आम मतदाताले आफू देखिने उम्मेदवारलाई भोट हाल्देर मज्जाले जिताइदिन सक्छन्, यो यथार्थ हो।

अहिले आएको स्वतन्त्रको लहर बहुदलीय व्यवस्था खतम पार्न होइन। बहुदललाई संस्थागत गर्न, यी दलहरू सुध्रिऊन् र कुर्सीको रस्साकस्सीलाई आफ्नो प्राथमिकता बनाउन छाडेर राजनीतिक विचार, देशको अर्थतन्त्र कसरी बलियो बनाउने, समाजका कुरिति, आपराधिक मानसिकतालाई कसरी जरैदेखि उखेल्ने भन्ने बाटोमा जाऊन् भनेर स्वतन्त्रहरूले यो निर्वाचनमा मात्र होइन, हरेक निर्वाचनमा बिगुल फुक्न जरूरी छ। ठूला दलहरूले आफ्नो पोल्टामा भएको मकै नझरेसम्म मकैबारीमा मुसा पसेर सबै सखाप हुन लागिसक्यो भन्ने कुरा बुझ्दै बुझ्नेनन् भनेर बुझाउन बाध्य हुँदै स्वतन्त्रहरूको उम्मेदवारी आएको हो भन्ने मलाई लाग्छ।

एक जना स्वतन्त्रले जितेर के गर्न सक्छ र ?

दलहरूको सिन्डिकेट भएको ठाउँमा एक जना तपाईंले जितेर के गर्न सक्नुहुन्छ र ? यो भनाइ बारम्बार, अहिले त हरेक दिन मलाई आउँछ।

हुन पनि सांसद बनेर प्रतिनिधि सभा छिर्नुभएका २७५ जनाले नै 'दलले मत हाल्नुस' भनेको समयबाहेक अन्य समयमा एक सांसद भइकन उपयोग गर्न सक्ने, काम गरेर देखाउन मिल्ने कुनै दफा प्रयोग गर्नुभएन। बेलाबेला माइक लिएर बोल्नुभयो । तर केही सांसदहरूले बिना तयारी छेउ न टुप्पाका कुरा बोलिदिँदा संसदको गरिमामा धेरैपटक ठेस लागेकै हो। योसँगै, भद्रभलाद्मी भएर कानुनसम्मत प्रकियाहरू मानेर काम कारबाही गर्नुपर्ने सांसदहरू बेलाबेलामा पाखुरा बजारेर मारूँला र काटुँला गर्दै उफ्रेका दृश्यहरूले पनि आम मानिसको मानसपटलमा राम्रो छाप छाडेको छैन।

ती सांसदहरूले त्यस्ता 'हर्कत' गरे भन्दैमा एक सांसदले गर्ने नै त्यति हो भनेर निष्कर्ष निकाल्नु बुद्धिमत्तापूर्ण काम भने होइन। एक सांसद, चाहे ऊ गैरदलीय रूपमा निर्वाचित भएर आएको होस् वा कुनै दलको टिकट लिएर, उसले प्रतिनिधि सभामा 'पार्टीले निर्देशन गरेबाहेक' पनि गर्न सक्ने कामहरू धेरै छन्। कति सांसदले ती काम गरे वा गरेनन् भन्ने मुख्य कुरा हो।

हाम्रो कानुनले एक सांसदलाई के अधिकार दिएको छ त ?

राज्य सञ्चालनमा आवश्यक शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तबाट बनेका प्रमुख ३ अंग; कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अन्तर्गत संसद व्यवस्थापिका अंगअन्तर्गत पर्छ। व्यवस्थापिकाको मुख्य काम भनेकै विचार, विमर्श, अध्ययन, परामर्श, अनुसन्धान गर्नु हो। यसका आधारमा नीतिनियम निर्माण गर्नु र पुराना नीतिनियम परिमार्जन गर्नु हो। कार्यपालिकालाई एउटा ठोस बाटो देखाउनु हो र समाजलाई नै समग्र रूपमा मार्गनिर्देशन गर्नु पनि हो।

प्रतिनिधि सभा नियमावली, २०७५ को दफा ९९ ले प्रतिनिधि सभामा निर्वाचित कुनै पनि सदस्यले विधेयक प्रस्तुत गर्नसक्ने अधिकार प्रदान गरेको छ। कुनै पनि नीति संसदमा छलफल भएर पास हुनुअघिको चरणमा त्यसलाई विधेयक भनिन्छ। एक सांसदले दर्ता गर्ने विधेयकलाई गैरसरकारी विधेयक भनिन्छ । सरकारको तर्फबाट दर्ता हुने विधेयकलाई सरकारी विधेयक भनिन्छ।

आम नागरिक र मतदाताहरूले हाम्रो प्रतिनिधिले हामीलाई आवश्यक पर्ने नीतिका लागि कुनै विधेयक बनाए कि बनाएनन् भनेर सोधखोज गर्नु पनि अति आवश्यक छ। देशमा कस्तो आर्थिक विकास गर्ने बाटो अवलम्बन गर्ने, त्यसका लागि चाहिने स्रोत, सामाजिक कु-संस्कारको जरा भत्काउने कानुन, अन्तर्राष्ट्रिय सम्बन्ध कसरी सुमधुर राख्ने, कुन देशसँग कस्तो नीति अवलम्बन गर्ने, शिक्षामा कस्तो नीति बनाउँदा नागरिकहरूले जागिर पाउन सक्छन्, शिक्षा क्षेत्रमा अहिलेसम्म के भइरहेको छ, यसको सुधार के गरेर हुन्छ, हाम्रख नागरिकहरूको स्वास्थ्य अवस्था अहिले के छ, भविष्यमा कस्तो हुन्छ, प्रविधिमा अहिले हामी कहाँ छौं, हुनुपर्ने कहाँ हो, संघीयताको मोडल अझै दुरूस्त पारेर दिगो विकासका लक्ष्य पछ्याउँदै कसरी देश विकास गर्न सकिन्छ जस्ता नेपाल र नेपालीसँग सम्बन्धित यावत विषयमा छलफल, विचार, विमर्श गर्ने र सहमतिका आधारमा मार्गनिर्देश गर्ने दस्तावेज निर्माण गर्ने मूल थलो नै संसद हो।

बेलाबेलामा म सुन्छु- केही मानिसहरू संसदको रोस्टममा वा माइकमा बोलेर मात्र के हुन्छ? काम गरेर देखाउनु पऱ्यो !

असलमा संसदमा गएर एक सांसदले कसैको दबाब, प्रलोभनमा नआइकन रोस्टममा वा माइकमा दत्तचित्त भएर आफ्नो मतदाताको आवाज बोल्ने, कार्यपालिका अर्थात् मुख्यगरी प्रधानमन्त्री, मन्त्रिपरिषदले

वांकी ५ पेजमा...

## आमा र काकालाई धारिलो हतियार प्रहार गरी हत्या

विराटनगर । आफ्नै आमा र काकालाई घारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार कमल गाउपालिका २ का २० वर्षीय चन्द्र माझीलाई प्रहरीले पक्राउ गरेको छ । शनिवार रातीको समयमा माझीले आफ्नै आमा ५० बर्षीया चन्द्रकला माझी र आफ्नै काका ५० बर्षिय सन्त बहादुर माझीलाई हत्या गरेको आरोप छ ।

फलामको धारिलो हतियार वामफोकले प्रहार गरी क्षतविक्षत बनाउदा आमा र काको घट्नास्थलमा नै मृत्य भएको सूचना पाए संगै ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले माझीलाई राती नै पक्राउ गरेको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

## कुटपीटबाट एकको मृत्यु, घटनामा संलग्न तीन जना पक्राउ

सुनसरी । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-६ का ७० बर्षीय खटर सवरियाको कुटपीटबाट मृत्यु भएको छ भने कुटपिटमा संग्लग्न ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा स्थानिय ४५ बर्षिय प्रमिला मण्डल, ३३ बर्षिया गुडी मण्डल र २१ वर्षीय देवनन्दन मण्डल रहेका छन् ।

उनिहरुले बृद्धलाई गत शनिवार बिहान कुटपीट गरेको र सोही कारणले मृत्यु भएको भन्ने खवर प्राप्त भए संगै जिल्ला प्रहरी कार्यालय सुनसरीबाट प्रहरी टोली खटी गई घटनामा सग्लग्न तीन जनालाई नै पक्राउ गरेको थियो ।

अन्य थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

## सर्वोच्चबाट न्याय नपाएकी चौधरी, जनताबाट न्याय पाउने अपेक्षामा

विराटनगर । प्रतिनिधी सभा निर्वाचनमा सुनसरी क्षेत्र नं. ३ बाट विजय कुमार गच्छदारसंग दुईपट झिनो मतले पराजित भागवती चौधरीले गच्छदार विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेपनि सर्वोच्चवाट समेत न्याय नपाएको भन्दै यसपटक मंसिर ४ गते हुने प्रतिनिधी सभा निर्वाचनमा जनतावाट न्याय पाउने अपेक्षामा रहेकी छिन् ।



भागवती चौधरीले गच्छदार

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सुनसरी क्षेत्र नम्बर ३ बाट लड्ने तरखरमा रहेकी नेकपा एमाले नेतृ भगवती चौधरी अहिले चुनावी तयारीमा छिन् । पूर्वराज्यमन्त्रीसमेत रहेकी चौधरी दुई पटकका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदारसँग चुनावी प्रतिस्पर्धा गर्दै छिन् ।

चौधरी लगातार तेस्रो पटक गच्छदारसँग भिड्न लागेकी हुन् । गच्छदारसँग उनी २०७० सालको दोस्रो संविधानसभाको चुनाव र २०७४ सालको प्रतिनिधिसभाको चुनावमा पराजित भएकी थिइन् । दोस्रो संविधानसभाको चुनावमा चौधरी तत्कालीन मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष समेत रहेका गच्छदारसँग निकै कम मतान्तर ( ३६२ मत) ले पराजित भइन् ।

पछि गच्छदार आफ्नो पार्टी कांग्रेसमा विलय बनाएर उपसभापतिका रूपमा २०७४ को निर्वाचनमा उठेका थिए । सो निर्वाचनमा पनि चौधरी झिनो मतान्तर (३२१ मत) ले पराजित भए। तर, अघिल्लो चुनावमा गच्छदारले धाँधली गरेर हराएको भन्दै सर्वोच्च अदालतसम्म पुगेकी चौधरीको मुद्दा विचाराधीन हुँदै औचित्यहीन अवस्थामा पुग्यो ।

गच्छदारले निर्वाचन आचार संहिता विपरीत लतपतिएको र बदर मतसमेत रुख चिह्नमा गणना गर्न लगाएको लगायत आरोप लगाउँदै चौधरीले पुनः मतगणना गर्नुपर्ने मागसहित ११ पुस, २०७४ मा मुद्दा हालेकी थिइन् ।

धाँधली गरेर चुनाव हराएका कारण सर्वोच्च पुगे पनि अदालतबाट न्याय नपाइएको गुनासो पोख्ने गरेकी चौधरी अब जनताबाट न्याय पाउने अपेक्षामा छिन्। अब पनि जनताले विश्वास गरेर जनप्रतिनिधि नबनाए आफूजस्तो नेतृ सुनसरी क्षेत्र नम्बर ३ का जनताले नपाउने उनको दाबी छ ।

'त्यसबेला धाँधली देखादेखी नै भएको हो, मैले उम्मेदवारका रूपमा नै सर्वोच्च गुहारेकी थिएँ तर अदालतबाट मैले न्याय नपाएकै अनुभूति भएको छ,' उनले नवपथसँगको कुराकानीमा भनिन्, 'यो निर्वाचन क्षेत्रका युवाहरूले सबै बुझेका छन्। त्यसैले पनि अदालतले नदिएको न्याय जनताले दिनेमा विश्वस्त छु ।'

राज्यमा जान नपाउँदा आफ्नो भिजन, मिसन नै असफल भएको उनको भनाइ छ। निर्वाचन नजित्दा पनि राज्यबाट काम ल्याएर स्थानीयहरूलाई विकास र समृद्धिको झल्को देखाउन सफल भएको उनको भनाइ छ ।

'राज्यमा नगए पनि मैले यो क्षेत्रका लागि धेरै गरेकी छु, धेरैको चुलोचौको बालेकी छु,' उनले थपिन्, 'राज्यमा पुग्न साथ दिनुस्, मेरो भिजन र मिसन सबैलाई देखाउने छु। तर अझै पराजय हुने अवस्था आएमा यो क्षेत्रको मुहार फेरिँदैन। अघिल्लो धेरै पटक जित्नेहरू आफूमा विकास गरेका छन्। पुनः पराजित भएमा यहाँका जनताले भगवती

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि ालमय शुभकामना व्यक्त
नेपाल आयल निगम
प्रदेश १ कार्यालय विराटनगर,परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
भिलानन्द यादव (प्रमुख)
सुनसरी मोरंग सिचाई आयोजना परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
शिव सुन्दर ज्वेलर्स
परिवार रामजानकी पथ विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
महेश कुमार साह स्वर्णकार (अध्यक्ष)
नेपाल सोनार समाज मोरंग, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
मेक्स इन्टर नेशनल हस्पिटल
परिवार, विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## जेहेन्दार विद्यार्थीको लागि अमेरीकी नागरीकको सहयोग



विराटनगर। अमेरीकी नागरिक साहीन कपलान, अमेरीका निवासी आयूस नेपाल र रेहना नेपालका तर्फवाट जेहेन्दार नेपाली विद्यार्थीको लागि पठाइएको सहयोग वितरण गरेका छन्।

विराटनगर महानगर पालिका वडा नं. ११ मा रहेको जेष्ठ नागरिक सामुदायिक भवनमा एक कार्यक्रमको आयोजना गरी सो छात्रवृति वितरण गरको हो।

प्रमुख अतिथी जिल्ला शिक्षा समन्वय समिति मोरंगका प्रमुख टंक गौतमले विराटनगरका सत्य नारायण माध्यमिक विद्यालय, मिल्स माध्यमिक विद्यालय, पोखरीया माध्यमिक विद्यालय, जनपथ माध्यमिक विद्यालय र सुनसरीको रामसिता माध्यमिक विद्यालय गरी ५ वटा सामुदायिक विद्यालयका १० जेहेन्दार छात्र-छात्रालाई छात्रवृति वितरण गरको हो।

त्यसैगरी एउटा विराटनगर को निजी विद्यालय वीकेभीएमका १ जना जेहेन्दार विद्यार्थीलाई गरी जम्मा ११ जनालाई जम्मा १ लाख २१ हजारको छात्रवृति प्रदान गरेका छन्।

उक्त छात्रवृत्ति रकम विराटनगर महानगर पालिका वडा नं. ११ का वडा अध्यक्ष तिर्थेन्द्र नेउपानेको खातामा अमेरीकावाट रकम पठाएको थियो। सोही रकम सार्वजनिक कार्यक्रम गरी वितरण गरेका हुन्।

सो कार्यक्रम पत्रकार एवं पुस्तक व्यवसायी माधव अधिकारीको सभापतित्वमा भएको थियो।

## स्वास्थ्य वर्द्धक काजु

महँगो ड्राइ फ्रुट हो काजु। निम्न आर्थिक अवस्था भएका व्यक्तिले नियमित काजु खान सक्दैनन्। महँगो भए पनि काजुका फाइदा भने अनगिन्ती छन्। ड्राइ फ्रुटको राजा मानिने काजु सबै उमेर समूहको मानव जीवनलाई फाइदा पुऱ्याउने खाद्य हो।

थोरै खादा पनि धेरै फाइदा पुऱ्याउने काजुमा मेग्निसियम, कपर, आइरन, पोटासियम लगायतका तत्व भरपुर मात्रामा पाइन्छ। यी तत्वले शरीरलाई स्वस्थ राख्न मद्दत गर्छ। त्यसैले हरेक दिन दुई या तीन पिस मात्र पनि काजुको सेवन स्वास्थ्यका लागि निकै लाभदायक मानिन्छ। काजुलाई ऊर्जाको राम्रो स्रोत मानिन्छ। केही काम नगर्दा पनि थकान महसुस हुन्छ अथवा काम गर्ने मुड बन्दैन भने काजु खानाले शरीरमा ऊर्जा थपिन गई फूर्ती आउँछ।

काजुमा प्रोटिनको मात्रा उच्च हुन्छ। त्यसैले काजु खाने गर्नाले अनुहार चम्किलो बन्छ। काजुलाई पानीमा भिजाएर पिस्ने र बनेको लेपले अनुहारमा मसाज गर्नाले अनुहार अझ बढी चम्किलो हुन्छ। काजुमा एक प्रकारको तरल पाइन्छ, जसमा भिटामिन-बी प्रचुर मात्रामा हुन्छ। यसले दिमाग तेजिलो बनाउँछ। काजु खानाले शरीरमा युरिक एसिड फर्मेसन हुँदैन। युरिक एसिडको समस्या भएकालाई ड्राइफुड उपयुक्त मानिँदैन। तर त्यस्ता मानिसले पनि निर्धक्कसँग काजु खान सक्छन्।

काजुमा सोडियमको मात्रा कम हुन्छ र पोटासियमको मात्रा बढी हुन्छ। त्यसैले काजु खाने गर्नाले रक्तचाप नियन्त्रित अवस्थामा रहन्छ। हरेक बिहान काजु खाने गर्नाले कोलेस्टेरोलको मात्रा नियन्त्रित रहन्छ। काजुमा कार्बोहाइड्रेट, प्रोटिन, आइरन, जिंक, म्याग्नेसियम, कपर आदि पाइन्छ। यी तत्वले हड्डी तथा दाँत बलियो बनाउनुका साथै शरीरका सबै प्रणालीलाई चुस्त राख्छन्।

काजु प्रोसेसिङ गर्ने काम पनि निकै कठिन मानिन्छ। सामान्यतया काजुलाई हातले छोडाउनुपर्ने हुनाले लेबर कस्ट ज्यादा पर्छ। त्यसैले पनि काजु महँगो पर्न गएको हो। काँचो काजु चाहिँ नखाँदा बेस मानिन्छ, किनकि काँचो काजुमा उरुसिओल नामको एक किसिमको टक्सिन केमिकल पाइन्छ, जसले शरीरमा पोइजन हुने डर पर्याप्त हुन्छ।

काजुमा कुन तत्व कति पाइन्छ?

युएस डिपार्टमेन्ट अफ एग्रिकल्चरका अनुसार एक वन्स अर्थात् २८.३५ ग्राम काँचो काजुमा १५७ क्यालोरी पाइन्छ र ८.५६ ग्राम कार्बोहाइडेट, १.६८ ग्राम सुगर, ०.९ ग्राम फाइबर, ५.१७ ग्राम प्रोटिन, १२.४३ ग्राम चिल्लो पदार्थ, १० मिलिग्राम क्याल्सियम, १.८९ एमजी आइरन, ८३ एमजी म्याग्निसियम, १६८ एमजी फस्फोरस, १८७ एमजी पोटसियम, ३ एमजी सोडियम, १.६४ एमजी जिन्क पाइन्छ। एक वन्स अर्थात् २८ ग्राममा लगभग १८ दाना काजु रहन्छ। साथै काजुमा भिटामिन सी र भिटामिन बी पनि पाइन्छ।

परिकारमा काजु

भारतीय भन्सा काजु बिना अधुरो रहन्छ। परापूर्वकालदेखि भारतमा मुग्लाइहरुले खानामा काजु मिसाएर खाँदै आएका छन्। चाहे ग्रेभीमा होस् या बिर्यानीमा, काजुको मात्रा राख्नैपर्ने उनीहरुको नियम थियो, जुन अहिलेसम्म चलिरहेको छ। आधुनिक पकवानमा पनि भन्सामा काजु बिना अधुरो रहन्छ। ह्वाइट ग्रेभीमा होस् या रेड ग्रेभी, ब्राउन ग्रेभी नै किन नहोस् काजु मैसाइएकै हुन्छ। काजुको पेस्ट विभिन्न अन्य साकाहारी सब्जीका परिकारमा पनि हाल्ने गरिन्छ।

कबाब, मिठाइ, खिर तथा केकमा पनि काजुको मात्रा प्रसस्त मिसाइन्छ। काजुको पेस्टले खानालाई अतिरिक्त स्वाद थप्ने मात्र होइन, मुलायनपन दिनुको साथै स्वादिस्ट पनि बनाउँछ। स्वास्थ्यका हिसाबले पनि काजु निकै उपयोगी हुने हुँदा घरायसी पकवानमा पनि प्रयोग हुन थालेको छ। होटलहरुमा अति विशिष्ट पाहुनाहरुको स्वागतका लागि पनि काजु रोस्ट गरेर टर्क्याउने चलन छ। काजुको बर्फी पनि अति स्वादिस्ट मिठाइमा गणना गरिन्छ। चाइनिज या थाई किचनमा पनि काजुका यावत परिकार बनाइन्छ। स्न्याक्स होस् या मेन कोर्स, फिस होस् या चिकन, काजुको प्रयोग गरिएकै हुन्छ। कुनै खानामा काजुलाई पिरो बनाएर प्रयोग गरिन्छ

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
कोशी हेल्थ इन्सिटच्युट
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
पवन सारडा
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
देव किसन मुन्दडा
देवेनारा ग्रुप, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
टिका पुरी (प्रमुख)
ऐभरेष्ट सेकेन्डरी स्कुल, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
जुगल राठी
गोल्ड सिल्भर मार्ट, परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
य शुभकामना व्यक्त ग
राम प्रसाद मेहता (अध्यक्ष)
राष्ट्र सिचाई तथा जल उपभोक्ता समिति

## 'स्वतन्त्र'को...

गरेका काम, कार्यक्रमहरूबारे अध्ययन गर्दै आफ्नो विचार राख्ने, कुनै कार्यक्रममा बेथिति भइरहेको छ भने त्यसबारे 'प्रश्न' गर्ने, छलफलमा लिएर आउने नै प्रमुख काम हो ।

तर अहिले भइरहेको के छ? एमालेको सरकार हुँदा कांग्रेस मात्र बोल्ने, कांग्रेसको एउटा गुटको सरकार हुँदा कांग्रेसको अर्को गुट र एमालेले मात्रै प्रश्न सोध्ने !

यो परिपाटी नै गलत छ। यसले संसदीय प्रणालीलाई न्याय गर्दैन। जनताको म्यान्डेट बोकेर आएका सांसदको प्राथमिकतामा जनता नै पर्नुपर्छ। किनभने लोकतान्त्रिक राज्य व्यवस्थामा राज्यशक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिअरूद्वारा गरिन्छ ।

संसदमा कुनै पार्टीको टिकटबाट निर्वाचित भएर प्रतिनिधि हुनु र गैरदलीय स्वतन्त्र भएर निर्वाचित हुनुको सबभन्दा ठूलो फरक नै 'वाक स्वतन्त्रता' हो। हुन त संसदमा पूर्ण वाक स्वतन्त्रता रहन्छ भन्ने कुरा संविधानमै लेखिएको छ । तर पार्टी र पार्टीनिकट व्यवसायी, कामसँग सम्बन्धित मुद्दाबारे बोल्नुपर्दा वाक स्वतन्त्रताको बलिदानी दिनुपरेको हुन्छ । यसकारण दलका तर्फबाट निर्वाचित सांसदले समयसमयमा आफ्नो विवेक गाँठो पार्नुपर्ने बाध्यता यथावत छ ।

यस्तो बाध्यता सामान्यतया स्वतन्त्र प्रतिनिधिलाई हुँदैन । संसदमा बोलेका हरेक कुराको अभिलेखीकरण हुन्छ । तसर्थ दल नभइकन स्वतन्त्रलाई कसले अनुशासनमा राख्ने, कसले जवाफदेही बनाउने भन्ने प्रश्नको उत्तर सार्वजनिक नै छ । हुन त आफूले बोलेको कुरा रेकर्डिङ भइरहेको छ भनेर दलका सांसद पनि सचेत हुनुपर्ने हो । तर दलको दलबलले गर्दा उनीहरूलाई यो कुरामा कम पर्वाह हुने गरेको छ । एउटा विषयमा आफ्नो विचार प्रस्तुत गर्नुपर्ने सांसद विषयभन्दा धेरै नै बाहिर गएर बोल्छ र मैले बोलेँ भनेर दंग पर्छ । यसले उनीहरूको सो विषयमा बोल्ने तयारी नपुगेको स्पष्ट हुन्छ । यस्तो काम गर्ने छुट स्वतन्त्र निर्वाचित भएकाहरूलाई हुँदैन ।

संसदमा आफ्नो भूमिका बढाउने र सांसद पदको न्याय गर्न चाहने हरकोहीले चार-पाँच घन्टा अध्ययन गरेरै विषयगत विचार राख्नुपर्छ । नत्र आफ्नो बोलीको र संसदको बैठकको पनि मान हुँदैन । आफूले संसदमा सदस्यता पाएको जनताको मत र विश्वासले हो भन्ने कुरा याद गर्नुपर्छ । आफ्नो शक्तिको स्रोत जनतालाई नै बिर्सिएर त कसरी प्रतिनिधि हुन सकिन्छ र ? त्यसैले सांसदले बोल्नुपर्ने विषयमा शून्य समय, विशेष समयमा आफ्नो अधिकार प्रयोग गर्नुपर्छ । बोल्नुपर्छ ।

एक सांसदसँग हुने अर्को शक्तिशाली अधिकार भनेको सांसदले सोधेका 'प्रश्नहरूको जवाफ' प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयले मौखिक वा लिखित रूपमा दिनैपर्छ । यो कारणले पनि सांसदले विषयगत प्रश्न सोध्दा ठोस, वस्तुगत प्रश्न सोधे हो भने त्यसको उत्तर वस्तुगत हिसाबमै आउँछ ।

प्रश्नकै सिलसिलमा अर्को महत्त्वपूर्ण समय भनेको विनियोजन तथा अर्थ विधेयक र आर्थिक वर्षको नीति तथा कार्यक्रम संसदमा पेस हुँदा हो । सांसदले आफ्नो तर्फबाट अथाह मेहनतसहित विषयगत बजेटको ठेलीका ठेली किताब अध्ययनबाट बजेटको कुरामा विचार राख्नुपर्छ । त्यो विचार यदि तथ्य, प्रमाण, तथ्यांकअनरूप राखियो भने त्यसले आर्थिक वर्षमा विनियोजन हुने रकम र आउने कार्यक्रमहरूमा पनि परिवर्तन ल्याउन सकिन्छ ।

यसरी बोल्ने र प्रश्न सोध्नेबाहेक पनि राज्यको कार्यप्रणालीमा आमूल सुधार, बेरूजु घटाउने, सरकारलाई सेवक बनाउन दबाब सिर्जना गर्नसक्ने भूमिका पनि सांसदको छ । यसबारे म अर्को लेखमा विस्तृत चर्चा गर्नेछु ।

अब हामी फेरि नेपालको हकमा २०७९ सालमा आइरहेको स्वतन्त्र उम्मेदवारीको लहरभित्रको एक कहरको चर्चा गरौं ।

स्वतन्त्रको ट्रेडमार्क वा प्याटेन्ट-राइट कोसँग छ? को स्वतन्त्र, को अरूवातन्त्र ?

यो लेखको सुरूआतमा हामीले स्वतन्त्र शब्दको अर्थ र नेपालको निर्वाचनको इतिहासदेखि नै बढ्दै आएको स्वतन्त्र उम्मेदवारीबारे केही कुरा बुझ्यौं ।

विभिन्न कारणले कोही पनि व्यक्तिले स्वतन्त्र उम्मेदवारी दिन सक्छन् भनेर नै नेपालको संविधान, कानुनले बिक्रम सम्वत् २०१५ देखि नै स्वतन्त्र उम्मेदवार हुन सक्छन् भन्ने परिकल्पना गेरर एउटा मार्गनिर्देशन दिएको छ । यसका लागि म कृतज्ञ पनि छु ।

तर आज डिजिटल युगका बेला स्वतन्त्र उम्मेदवारी दिन तत्पर व्यक्तिहरू एउटा राजनैतिक-प्राविधिक कुरामा अल्झिनुपरेको छ । यसले गर्दा आफू स्वतन्त्र हुन चाहँदा चाहँदै पनि अरूवातन्त्र भएँ भन्ने स्थिति निर्माण भएको छ ।

नेपाली शब्दकोषअनुसार अरूवा भनेको 'अरूको अरोटमा हिँड्ने वा अरूको लहैलहैमा हिँड्ने' भन्ने बुझिन्छ ।

नेपालको निर्वाचन प्रणालीमा मतदाताहरूले 'चिह्न' मा मत हाल्नुपर्छ । यसको अर्थ हरेक उम्मेदवारले आफ्नो पहिचान चुनाव चिह्नबाट गराउनुपर्छ । स्वतन्त्र उम्मेदवारले समाज र सामाजिक सञ्जालमा उम्मेदवारी घोषणा गर्नेबित्तिकै चुनाव चिह्न पाउँदैनन् । निर्वाचन आयोगको तालिकाअनुसार उम्मेदवारी घोषणा गरेको र त्यसमा दाबी-विरोध केही पनि नआएको खण्डमा केही दिनपछि मात्र पृथक 'स्वतन्त्र' चुनाव चिह्न प्राप्त गर्छन् ।

निर्वाचन आयोगमा दर्ता भएका हरेक दलबाट उम्मेदवार बन्नेहरूले भने आफ्नो दलको चुनाव चिह्न लिएरै आफ्नो 'प्रचार-प्रसार' गर्न पाउँछन् । यह्‍यी कुराले मनमस्तिष्क पिरोलिएर स्वतन्त्र नामका पार्टी, फरक नामका स्वतन्त्र, वैकल्पिक अभियान (पार्टी) हरू निर्वाचन आयोगमा दर्ता भए र त्यहाँका उम्मेदवारहरू भटाभट आफ्नो फोटोसहितको पर्चा लिएर, चुनाव चिह्नसहित आफू स्वतन्त्र उम्मेदवार हो भनेर प्रचार-प्रसार गरिरहेका छन् ।

हुन पनि पार्टी र अभियानको नाममै स्वतन्त्र शब्द छ त स्वतन्त्र नभनेर के भन्ने? बढो दुबिधा छ !

यसो विश्लेषण गर्दा २०७९ सालको संघीय निर्वाचनमा स्वतन्त्रको पनि वर्गीकरण गरी दलीय स्वतन्त्र र गैरदलीय स्वतन्त्र उम्मेदवार भन्नुपर्ने देखिएको छ ।

अहिले आएर एउटा प्रश्नले मस्तिष्क घोची पनि रहेछ- खासमा स्वतन्त्र भनेको को हो? यो शब्दको ट्रेडमार्क कोसँग छ ?

सामान्यतया पहिला प्रश्न सोधिन्छ र उत्तर दिइन्छ। तर यो लेखमा पहिला उत्तर छ र अन्तिममा प्रश्न, जसको जवाफ पाठकले चिन्तन गर्न जरूरी छ ।

सेतोपाटीबाट ।




हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
कान्तिपुर कलेज, परिवार
मेनरोड विराटनगर-१०

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
आरके चिल्ड्रेन हस्पिटल
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
वेवी आईस क्रीम उद्योग
परिवार, केशलिया मार्ग, भट्ठी मोड विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
प्रकाश मुन्दडा
उद्योगी!व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
नन्द किशोर तापडिया
उद्योगी!व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजेन्द्र राउत
उद्योगी!व्यवसयी